**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- आगामी विधानसभा चुनाव अघि पारदर्शी र निष्पक्ष चुनाव प्रक्रिया सुनिश्चित गर्ने उद्देश्यले, निर्वाचन आयोगले पश्चिम बंगालमा १९ पुनरावेदन न्यायाधिकरणहरूको गठनको लागि अधिसूचना जारी गरेको छ।

- पश्चिम बंगालमा आगामी विधानसभा चुनाउको लागि चुनाउ आयोगले कड़ा सुरक्षा व्यवस्था गर्दै ठूलो संख्यामा केन्द्रिय बलहरूलाई तैनाथ गर्ने निर्णय लिएको छ।

- आरजी कर मेडिकल कॉलेज एवम अस्पतालमा लिफ्ट दुर्घटनामा एक व्यक्तिको मृत्यु भएको मामिलामा कोलकत्ता पुलिसले जाँच तेज गरेको छ।

- रामनवमी अनि चैते दसैँ भव्य रूपमा मनाउन दार्जीलिङ्ग स्थित भानु भवनमा एउटा बैठक बस्यो । बैठकमा जी टि ए प्रमुख कार्यपाल अनित थापा, पहाडका विभिन्न संघ संस्थाक पदअधिकारी गण, धार्मिक प्रतिष्ठानका प्रतिनिधिहरुको विशेष उपस्थिति थियो ।

**बंगाल पुनरावेदन न्यायाधिकरण**

आगामी विधानसभा चुनाव अघि पारदर्शी र निष्पक्ष चुनाव प्रक्रिया सुनिश्चित गर्ने उद्देश्यले, निर्वाचन आयोगले पश्चिम बंगालमा १९ पुनरावेदन न्यायाधिकरणहरूको गठनको लागि अधिसूचना जारी गरेको छ। यी न्यायाधिकरणहरूले विशेष गहन पुनरिक्षण प्रक्रियाको क्रममा मतदाता सूचीमा नाम समावेश गर्ने वा मेटाउने सम्बन्धी विवादहरूको निर्णय गर्नेछन्। निर्वाचन आयोगले जारी गरेको अधिसूचना अनुसार, यो निर्णय सर्वोच्च न्यायालयको १० मार्च को आदेश अनुसार र कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशको सिफारिसको आधारमा लिइएको हो। गठन गरिएका १९ न्यायाधिकरणहरूमध्ये १८ वटा उच्च न्यायालयका सेवानिवृत्त न्यायाधीशहरूले अध्यक्षता गर्नेछन्, जबकि एउटा न्यायाधिकरणको अध्यक्षता कलकत्ता उच्च न्यायालयका पूर्व मुख्य न्यायाधीशले गर्नु हुनेछ।

**चुनाव आयोग-केन्द्रीय बल**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउको लागि चुनाउ आयोगले कड़ा सुरक्षा व्यवस्था गर्दै ठूलो संख्यामा केन्द्रिय बलहरूलाई तैनाथ गर्ने निर्णय लिएको छ। राज्यमा दुई चरणमा हुने चुनाउको लागि केन्द्रिय सशस्त्र पुलिस बल, इण्डिया रिजर्भ बटालियन तथा अन्य राज्यहरूको सशस्त्र पुलिस बल गरी 2 हजार 4 सय  कम्पनीलाई तैनाथ गरिनेछ। चुनाउ आयोगद्वारा जारी अधिसूचना मार्फत उपरोक्त आशयको जानकारी गराइएको छ। पहिलो चरणमको मतदान आगामी 23 अप्रेलमा हुनेछ भने दोस्रो चरमको मतदान आगामी 29 अप्रेलमा हुनेछ। यो भन्दा धेरै अगाड़ि नै यहाँ केन्द्रिय बलहरूलाई तैनाथ गरिसकिएको छ। चुनाउ घोषणा हुनु अघि नै तैनाथ गरिएको केन्द्रिय सशस्त्र पुलिस बलका 480 कम्पनी पश्चिम बंगालमा आइसकेको छ। अधिसूचनामा यो पनि बताइएको छ, विशेष गहन पुनरीक्षण अभियान अवधि "तार्किक विसंगति" श्रेणीमा न्यायिक जाँचको लागि पठाइएको मामिलाहरूको पहिलो पूरक सूची भोलि  प्रकाशित हुनेछ।

**विशेष खोजी अभियान**

पश्चिम बंगाल चुनावका लागि आदर्श आचारसंहिता लागू भएको छ । आसनसोल विभागको कानून र व्यवस्थाको जिम्मेवारी रिटर्निंग अफिसर एसडीओले लिएका छन्। एसडीओ आसनसोलद्वारा नाकाको जाँचको उद्देश्य कानून व्यवस्था कायम राख्न, अवैध

गतिविधिहरू रोक्न र सुरक्षा सुनिश्चित गर्नु हो। चुनावको समयमा प्रशासन सित मिलेर एसडीओले गाडीको सघन खोजी अभियान चलाएक थिए। जसमा अवैध नगद, हतियार, लागुऔषध वा शंकास्पद व्यक्तिको अनुसन्धान गरिएको थियो। निर्वाचनको समयमा सुरक्षा जाँच, अपराध नियन्त्रण, अवैध तस्करी रोकथाम र आदर्श आचार संहिताको पालना सुनिश्चित गर्ने अभियानको उद्देश्य राखिएको छ। यस क्रममा गाडीको कागजात खानतलासी गर्ने, डिग्गी र शंकास्पद व्यक्तिको अनुसन्धान गर्ने कारबाही भएको थियो

**संदिग्ध वस्तु बरामद**

विधानसभा चुनावको आहट बीच कुचबिहार जिल्लामा फेरि एक पटक तनावपूर्ण वातावरण देखिएको छ। हिज शहर नजिकैको गुडियाहाटी नम्बर दुई ग्राम पञ्चायतको हरिनचौडा क्षेत्रमा एउटा डस्टबिनमा एउटा शंकास्पद बम फेला परेको थियो। हरिनचौराको पालपारा क्षेत्रमा पञ्चायतले राखेको डस्टबिनभित्र सुतीले बेरिएको शंकास्पद वस्तु देखिएको स्थानीयले बताएका छन्। त्यसपछि मानिसहरुले बम भएको आशंका गरेका थिए।सूचना पाउनेबित्तिकै पुलिस घटनास्थलमा पुगेको र शंकास्पद वस्तुलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको थियो। पुलिस अधिकारीहरूले बम भएको आशंकामा उक्त वस्तु बरामद गरिएको र यो के हो र यो कसरी पुग्यो भनेर अनुसन्धान भइरहेको बताएका छन्।

**आर जी कर**

आरजी कर मेडिकल कॉलेज एवम अस्पतालमा लिफ्ट दुर्घटनामा एक व्यक्तिको मृत्यु भएको मामिलामा कोलकत्ता पुलिसले जाँच तेज गरेको छ। मृतकको पहिचान दमदम निवासी अरूप ब्यानरजीको रुपमा भएको छ, जो आफ्नो तीन बर्षीय नानीको उपचारको निम्ति अस्पताल गएका थिए। परिवारको आरोप अनुसार लिफ्ट पहिला माथि गए पछि अचानक बेसमेन्ट झर्यो, त्यस समय एक पटक दैलो खोलिन्दा उनकी पत्नी र नानी बहिर निसकिन सफल भए तर अरूप बाहीर आउन अधि नै दैलो पुनः बन्द भयो र लिफ्ट फेरि माथि जान लाग्यो र अरूप भित्र फसे र गम्भीर रूपमा घाइते भए। तथापि लिफ्ट संचालनमा एक कर्मी तैनात हुँदछ, तर त्यहाँ कोहि थिएन। प्रारम्भिक पोस्टमार्टम रिपोर्ट अनुसार अरुपको हात, खुट्टा र हद्दीहरू भाचिएको थियो र गम्भीर चोटको कारण हृदय, फोक्सो क्षतिग्रस्त भएको थियो। यस मामिलामा पुलिसले मामिला दर्ता गरी जाँच शुरु गरेको छ। यता फोरेंसिक विशेषज्ञहरूका दलले पनि लिफ्टको नमूना एकत्र गरेको छ।

**नेपाल-सांसद शपथ**

नेपालमा नवनिर्वाचित सांसदले रामनवमीको अवसरमा पारेर मार्च 26 मा शपथ लिने सम्भावना छ। शीतल निवासमा हिज आयोजित मधेसी आयोगको 8 औं वर्षगांठमा, नेपालका राष्ट्रपति रामचंद्र पौडेलले सबै हित्धारकहरु सित 5 मार्चमा भएको प्रतिनिधि सभा चुनावमा नागरिकहरु द्वारा दिएको राष्ट्र निर्माणको दायित्व पूरा गर्ने आह्वान गर्नु भएकोछ। निर्वाचन आयोगले निर्वाचन प्रतिवेदन राष्ट्रपति रामचंद्र पौडेललाई बुझाएको थियो।

**रामनवमी - दार्जीलिङ्ग**

रामनवमी अनि चैते दसैँ भव्य रूपमा मनाउन दार्जीलिङ्ग स्थित भानु भवनमा एउटा बैठक बस्यो। बैठकमा जी टि ए प्रमुख कार्यपाल अनित थापा, पहाडका विभिन्न संघ संस्थाक पदअधिकारी गण, धार्मिक प्रतिष्ठानका प्रतिनिधिहरुको विशेष उपस्थिति थियो। सभामा सबै प्रतिनिधिहरूको सल्लाह अनुसार रामनवमी भव्य रूपमा मनाउने निणर्य लिएको जानकारी प्राप्त भएको छ। महाकाल पूजा कमिटीको प्रमुख नेतृत्वमा रामनवमी आयोजक समिति पनि गठन गरिएको छ।

**संशो. बर्फबारी - दार्जिलिंग**

राज्यको दार्जिलिंगमा अग्ला चोटिहरुमा भारी बर्फबारी भैरहेकोछ। निम्न हिमालय क्षेत्रमा पनि बीतेक दुइ दिन देखि वर्षा भैरहेकोछ। संदकफू र फलूटमा 10 फीट सम्मको बर्फबारी भएको छ। केहि पर्यटक क्षेत्रमा फसिएको खबर प्राप्त भएकोछ। पुलिसले बचाव अभियान शुरू गरेको अनि पर्यट साथै प्रभावित क्षेत्रमा नजाने सल्लाह जारी गरेकोछ।

**मौसम**

मौसम विभागले आज उप-हिमालयी पश्चिम बंगाल र सिक्किमक केहि भागमा बिजुली चम्किने र तिव्र गतिमा हावा चलने संभावना व्यक्त गरेको छ । विभागले  गंगाको मैदानी पश्चिम बंगाल, नागालैंड, मणिपुर, मिजोरम, त्रिपुरा, ओडिशा र पश्चिमी राजस्थानमा पनि दिन भरि यस्तै स्थिति रहने अनुमान रहेको बताएको छ । केरलम र माहेमा भोलि सम्म गर्म अनि उमस युक्त मौसम रहने  संभावना रहेको छ ।

**एटीएम धोखाधडी**

सिलीगुड़ी शहरमा सञ्चालित एटीएम धोखाधडी गिरोहको अनुसन्धानको क्रममा, पुलिसले अचम्मलाग्दो जानकारी फेला पारेको छ। बिहारको चम्पारणमा पक्राउ परेका चार युवाहरूको मोबाइल फोनको जाँच गर्दा पाकिस्तान सित प्रत्यक्ष सम्बन्ध रहेको खुलासा भएको छ।

****** ० ******